# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

## बुटवल उपमहानगरपालिकाको वडा नं . ४ का विभिन्न ५ स्थानमा रहेको प्राकृतिक स्रोत (पदार्थ ) बिक्रीका लागि बोलपत्र आव्हानको सूचना ।

आय ठेक्का नं. ०५/०८२/०८३/Revenue

तेस्रो पटक: सूचना प्रकाशन मिति २०८२।१२।२१

इंच्छुक फर्म वा कम्पनीहरुले नियमानुसारका कागजात प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीत पूर्वकको शिलबन्दी बोलपत्र पेश गर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

शर्त, नियम तथा प्रावधानहरु -

१. शिलबन्दी बोलपत्र खरीद गर्न इंच्छुक बोलपत्रदाताले फर्म नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र ,आ.व. २०८१ /८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी बोलपत्र फारम दस्तुर रु. १,०००। दाखिला गरेको रसिद वा बैंक भौचर संलग्न गरी शिलबन्दी बोलपत्रको माध्यमबाट मिति २०८२।१२।२७ गते कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरी पेश गर्न सकिनेछ।

२) बोलपत्रदाताले रीतपूर्वक बोलपत्र फारम भरी मिति २०८२/१२/२९ गते दिनको १२:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ । सोही दिनको २.०० बजे बोलपत्रदाता वा प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) बोलपत्रदाताले कबुल गरेको अंकमा मुअ कर समेत जोडी हुन आउने रकमको ५ प्रतिशत धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, खस्यौली शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ३१२०१००३०३००००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

४) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र भ्याट सहित कबोल गरेको कबोल अंक रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी डकुमेण्ट, फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

६) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार नगरकार्यपालिकामा सुरक्षित रहनेछ ।

७) बोलपत्रदाताले बोलपत्र खरिद कार्य वा ठेक्का प्रक्रियामा भाग लिन नपाउने गरी रोक लागेको वा कालो सूचीमा परि अयोग्य भएको छैन भनी स्वघोषणा गर्नु पर्नेछ ।

# बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| बुटवल उपमहानगरपालिका वडा नं . ४ का विभिन्न ५ स्थानमा रहेको सुखौरा खोलाको प्राकृतिक स्रोत (पदार्थ )विक्री | | | | |
|---|---|---|---|---|
| ठेक्का नं. | प्राकृतिक स्रोत(पदार्थ )संकलन रहेको स्थानको नाम | परिमाण (घन फिटमा) | प्रति घन फुट दर (भ्याट बाहेक) रु. | रोयल्टी रकम (भ्याट बाहेक) रु. |
| ०५/२०८२/०८३/Revenue | बुटवल उपमहानगरपालिका वडा नं . ४ का विभिन्न ५ स्थान | २९१६०.०० | १८।- | ५,२४,८८०।- |